# अन्तिम युगमा हुने भविष्यवाणी



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *दानिएल २:३१-४५; दानिएल ३:१-१२, १७, १८; प्रकाश १३:११-१७; रोमी १:१८-२५; प्रेरित १२:१-१७; मत्ती १२:९-१४।*

**याद गर्नुपर्ने पद: "परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ"** *(२ तिमोथी १:७)*।

यो अध्यायमा हामीले दुई अरू कथाहरू हेर्नेछौं। ती कथाहरूले युगको अन्तमा हुने घटनाहरूलाई उल्लेखनीय रूपमा पूर्व चित्रण गर्दछन्। पहिला, हामीले शद्रक, मेशक र अबेद्नगोको विवरणलाई हेर्नेछौं। यसले प्रकाश १३मा गरिएको विषयवस्तुलाई उल्लेखनीय रूपमा चित्रण गर्दछ। अनि हामी नयाँ करारमा उल्लेख गरेका इसाईहरूका बारेमा हेर्नेछौं। ती सुरुका इसाईहरूको अनुभवले अहिले र येशूको आगमनको बिचमा के अपेक्षा गर्ने भनेर बुझाउन हामीलाई सहयोग गर्दछ।

भीषण परिस्थितिहरूमा हाम्रा दिमागलाई कसरी समाल्ने र शान्तिमा राख्ने भन्ने अचम्मको साहसलाई ती इसाईहरूले उल्लेखनीय रूपमा प्रस्तुत गरेका छन्।

बारम्बार येशूले यो व्यक्त गर्नुभएको थियो, "नडराऊ," र "तिमीहरू किन चिन्तित हुन्छौ?" भविष्यवाणीको केन्द्रबिन्दु येशू ख्रीष्ट हुनुहुन्छ भनेर याद गर्नु

धेरै महत्त्वपूर्ण छ। पृथ्वीका अन्तिम क्षणहरूका चित्रणहरूले एउटै सल्लाहमा अडिग हुन हामीलाई सल्लाह दिन्छ, त्यो हो "तिमीहरूका हृदय विचलित नहोस्" जुन येशूले चेलाहरूलाई प्रोत्साहन दिनुभएको थियो। "तिमीहरूले परमेश्वरलाई विश्वास गर्छौ, मलाई पनि विश्वास गर," उहाँले थप्नुभयो *(यूहन्ना १४:१)*।

अर्को शब्दहरूमा भन्ने हो भने अन्तिम दिनका घटनाहरू कठिन हुनेछन् र परमेश्वरमा बफादारी हुन खोज्नेहरूलाई सतावट दिइनेछ। तर अन्तमा आएर ती सबै घटनाहरूलाई त्रासले होइन आशाले हेर्नु आवश्यक भएको हामीले ठान्नुपर्छ।

# दानिएल २ र भविष्यवाणीलाई ऐतिहासिक दृष्टिकोणले हेर्ने

बाइबलमा धेरै प्रभावकारी र उल्लेखनीय भविष्यवाणीहरू छन्। तिनीहरूमा सबभन्दा उल्लेखनीय भविष्यवाणी दानिएल २ हो। यो भविष्यवाणी येशूका समयभन्दा ५०० वर्ष अघि लेखिएको थियो। अगमवक्ता दानिएलले विश्वको इतिहासको रूपरेखा कोर्दछन्। बेबिलोनमा उनका समयदेखि मादी फारस, ग्रीस, रोम र रोमको साम्राज्य टुक्रिएर टुक्रा भएका देशहरूलाई औँल्याउँछन् जुन आधुनिक युरोप हो।

ती युरोपका देशहरूका बारेमा दानिएलले यसरी भविष्यवाणी गर्छन्, "हजूरले फलाम माटोमा मिसिएको देख्नुभएझैँ मानिसहरू पनि मिश्रित जाति हुनेछन् र एकतामा रहनेछैनन्, जसरी फलाम माटोसित मिल्न सक्दैन" *(दानिएल २:४३)*। यो भविष्यवाणी अचम्म तरिकाले पूरा भएको थियो र पूरा भइरहेको छ। ती युरोपका देशहरूलाई एकै देश बनाउन अनेकौँ प्रयास गरिएको थियो। देशका राजाहरूका बिचमा अन्तरविवाह पनि भएको थिए। तर ती देशहरू अहिले पनि विभाजित नै छन्।

उदाहरणमा बेलायतको राजवंशलाई हाउस अभ विन्ड्सर भनेर राम्रो अङ्ग्रेजी नाउँ दिएको छ। यो नाउँ १९१७मा मात्र दिएको थियो। त्योभन्दा अगाडि राजकीय परिवारलाई साक्स-कोबुर्ग-गोठा कहलिन्थ्यो। यो विशेष गरेर जर्मन नाउँ हो। धेरै जसो बेलायतका राजकीय खान्दानहरू जर्मनका एउटै रगतका सन्तानहरू थिए। तर त्यस रगतको नाताले तिनीहरूलाई एकतामा ल्याउन असफल भएको थियो। प्रथम विश्व युद्धमा घृणित जर्मनहरूसँग पहिचान गर्न नचाहेकोले हाउस अभ विन्डसर भनेर जर्मनको चिनारी दिने नाउँ परिवर्तन भएको थियो।

पढ्नुहोस्: **बेबिलोनका राजा नबूकदनेसरको सपना के थियो र दानिएलले त्यसको अर्थ कसरी बुझाएका थिए? दानिएल २:२९-४५ पढ्नुहोस्।**

अन्तिम दिनको विषयमा रहेका भविष्यवाणीहरू दानिएल २ अध्यायको जगअनुसार लेखिएका छन्। फलाम र माटो नमिसिएको जस्तै शक्तिशाली राज्य र कमजोर राज्यहरूका बिचमा युद्धहरू भएका थिए र युद्ध जारी रहनेछ। जब येशू आउनुहुनेछ र अनन्तको राज्य स्थापना गर्नुहुनेछ ती युद्धहरू सदाको निम्ति अन्त्य हुनेछन् *(दानिएल २:४४; ७:१३, १४)*। अर्को अर्थमा भन्ने हो भने पौराणिक कालदेखि सुरु भएर वर्तमान र भविष्यमा अन्त हुने *इतिहासको शृङ्खलालाई* दानिएल २ले खुलासा गर्छ। भविष्यवाणीलाई व्याख्या गर्ने तरिकाहरूमध्ये यो ऐतिहासिक दृष्टिकोण हो। यसमा उल्लेख गरिएका पदहरूले ऐतिहासिक दृष्टिकोणले व्याख्या गर्न माग गर्दछ। अन्तिम दिनहरूमा हुने घटनाहरूलाई निर्णायत्मक रूपमा बुझ्न दानिएल २लाई ऐतिहासिक परिवेशमा हेर्नु आवश्यक छ। प्रकाशको पुस्तकमा पनि त्यही चित्रण गरिएकोले ऐतिहासिक परिवेशमा हेर्न जरुरी छ।

**परमेश्वरलाई भविष्यको बारेमा मात्र थाहा छैन अन्तमा आएर उहाँ त्यसको हर्ताकर्ता पनि हुनुहुन्छ भनेर दानिएल २ले कसरी प्रमाणित गर्छ?**

# मूर्तिलाई ढोग्नु

दानिएलले जे गरे पनि र उनी र उनको परमेश्वरप्रति प्रभावित भएर नबूकदनेसर झट्टा निष्ठा जनाए तापनि *(दानिएल २:४६-४८)* त्यो निष्ठा क्षणिक र देखावटी मात्र थियो।

पढ्नुहोस्: **दानिएल ३:१-१२ पढ्नुहोस्। यहाँ सुनको मूर्तिको बारेमा वर्णन गरिएको छ। पूरा मूर्ति सुनको निर्माण गरेर त्यसलाई ढोग्न राजाले गरेका माग किन अर्थपूर्ण छ?**

---

---

*सारा* मूर्ति नै सुनको बनाएर परमेश्वरको सन्देशलाई राजाले हाँक दिएका थिए। राजाले के सन्देश दिन चाहेका थिए? बेबिलोनको पतन कहिल्यै हुनेछैन र नबूकदनेसर सदाको निम्ति अमर राजा हुनेछ। उनका धारणालाई चुनौती दिने सबैलाई मृत्युदण्ड दिइने घोषणा गरिएको थियो। यसले मानव महत्त्वाकाङ्क्षा र आत्मनिर्णयले सत्यलाई कसरी पन्छाउँदोरहेछ भनेर प्रभावकारी रूपमा प्रस्तुत गर्दछ। ख्रीष्ट र शैतानका बीचमा भइरहेको महान् द्वन्द्व यस कथाले कसरी ज्वलन्त चित्रण गरेको छ भनेर हामीलाई देखाउँदछ।

केही हदमा राजा नबूकदनेसर लुसिफरको चरित्रलाई प्रकट गर्दछ: उनी महत्त्वाकाङ्क्षी थिए; आफ्नो भाउ उनले निकै खोजेका थिए र अहङ्कारी र घमण्डी भएर परमेश्वरको प्रभुत्वलाई खुला रूपमा चुनौति दिएका थिए। तर नबूकदनेसर र शैतानका बिचमा उल्लेखनीय भिन्नता देखिएको थियो। उनले सत्य परमेश्वरप्रति विश्वास देखाएका थिए। परमेश्वरलाई चुनौती दिने राजा भए तापनि उनलाई हामीले परमेश्वरको राज्यमा भेट्न पाउनेछौं होला।

**पढ्नुहोस्: तिन हिब्रू युवाहरूले राजाको कुरा नमान्न कस्तो वचन व्यक्त गरेका थिए? सङ्कटकालमा पनि हाम्रो निष्ठामा कसरी अडिग हुनुपर्छ भने तिनीहरूको अडानले हामीलाई सिकाउँछ? दानिएल ३:१७, १८ पढ्नुहोस्।**

---

---

यस खतरा र जोखिमबाट बच्न ती तिन जना युवकहरूले कसरी तर्क गर्न सक्थे होला? तिनीहरू आफ्नो धर्ममा कट्टर, एकोहोरो र धर्मान्ध भएर देखाएका थिएनन् होला? राजाको मूर्तिलाई ढोग्नुको सट्टा तिनीहरू जिउँदै आगोमा जल्न राजी भएका थिए। तिनीहरू झुकेर आफ्नै परमेश्वरलाई ढोगेको भनेर देखाउन सक्दैनथे र? तिनीहरूले सामना गरेका मागप्रति असहमत हुनु के फाइदाजनक थिए त? तर तिनीहरूले त्यो सोचेनन्। तिनीहरूका बोलीले यो देखाएका थिए कि तिनीहरू दण्डबाट उम्किनेछैनन् होला भनी तिनीहरूलाई थाहा थियो।

**विभिन्न तर्कहरू गरेर हाम्रो आस्था अरूसँग सम्झौता गर्न सक्ने सोचलाई हामीले कसरी पन्छाउने? यही परिस्थितिमा पनि निष्ठावान् हुनेहरूलाई देहायको पदले हामीलाई के भन्छ? "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ"** *(लूका १६:१०)*।

---

# मूर्तिलाई पूजा गर्नु, फेरी

दानिएल २ र प्रकाशको पुस्तकमा उल्लेख गरेका आखिरी दिनका घटनाहरूका बिचमा सम्बन्ध छ भनेर बाइबलका विद्यार्थीहरूले धेरै समयदेखि सिकाइरहेका छन्। मूर्तिलाई पूजा नगर्नेहरूलाई मृत्यु दण्ड दिइनेछ *(दानिएल ३:१५)* भनेर दानिएलले उल्लेख गरेको अनुसार त्यही खालको दण्ड मूर्तिलाई पूजा नगर्नेहरूलाई दिइनेछ भनेर प्रकाशको पुस्तकले हामीलाई सिकाउँछ। "त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्" *(प्रकाश १३:१५)*।

पढ्नुहोस्: **मानिसका आज्ञा र निर्देशनहरू विपरित परमेश्वरका आज्ञाहरू कस्तो छन् भनेर देहायका पदहरूले कसरी बताउँछ? प्रकाश १३:११-१८; प्रकाश १४:९, ११, १२; प्रकाश १६:२; प्रकाश १९:२० र प्रकाश २०:४ पढ्नुहोस्।**

जसले स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहानहरूको सृष्टि गर्नुभयो, उहाँलाई मात्र ढोग्नू भनेर परमेश्वरका जनहरूलाई आह्वान गरिएको छ। सृष्टिकर्ताको विरुद्धमा पशु र उसको मूर्ति छ। ती हिब्रू युवाहरूले सृष्टिकर्ता परमेश्वरमाथि मात्र निष्ठा राखेकोले तिनीहरूमाथि मृत्युदण्डको सजाय सुनाइएको थियो। हिब्रू युवाहरूको समय र तिनीहरूले सामना गरेका परिस्थिति र युगको अन्तको परिस्थिति फरकै भए तापनि सृष्टिकर्ताको सट्टामा मूर्तिलाई नढोग्दा पाउने सजायको नीति वा आदेश एउटै हो, त्यो हो मृत्युदण्ड।

पढ्नुहोस्: **रोमी १:१८-२५ पढ्नुहोस्। (पद १८ र प्रकाश १४:९, १०का उल्लेख गरेको परमेश्वरको क्रोधको बिचमा के सम्बन्ध छ त्यो सोच्नुहोस्।) मानिसहरूले अन्ततः कसलाई आफ्नो निष्ठा दिन्छन् भन्ने सम्बन्धमा मूर्तिको पूजा गर्ने मामिला कसरी यही सिद्धान्तको अर्को अभिव्यक्ति मात्र हो?**

---

---

ढोग्नु वा आराधना गर्नु भनेको धुप बालेर पूजा गर्नु मात्र होइन। हुन त त्यो पनि हुन सक्छ। हाम्रो जीवनले जे प्राथमिकता पाउँछ त्यही हाम्रो निम्ति भगवान हुन सक्छ। यदि हामीले हाम्रा सृष्टिकर्तालाई चिन्न सक्यौं भने, र हाम्रा मुक्तिदाता हुन येशूले के गर्नुभयो सो बुझ्न सकेको भए, उहाँ मात्रै हामीले ढोग्न योग्य हुनुहुन्छ भनेर स्वीकार्न पुग्नेछौं। उहाँको ठाउँ लिने सबै थोक, मानिस र दर्शनहरू हाम्रो निम्ति मूर्ति हुन सक्छ। येशूले बोल्नुभएको यो वचनले शायद हामीलाई स्पष्ट पार्छ होला, "जो मेरो साथ छैन, त्यो मेरो विरुद्धमा छ, र जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ" *(मत्ती १२:३०)*। आखिरी दिनका घटनाहरूले यही सत्यलाई नाटकीय रूपमा प्रकट गर्नेछन्।

# सुरुको चर्च र सतावट

पुरानो करारमा मात्र अन्तिम युगमा हुने घटनाहरूको बारेमा पूर्व जानकारीहरू दिइएका छैनन्, तर नयाँ करारमा पनि उल्लेख गरिएका छन्। प्रथम शताब्दीका इसाईहरूका जीवन कठिन थियो। आफ्नै धर्मका मानिसहरूले तिनीहरूलाई घृणा गर्दथे। मोशामाथिको विश्‍वासमा तिनीहरूले हमला गरेका भनेर तिनीहरूले ठानेका थिए। तिनीहरूले मूर्तिपूजा गर्ने रोमी साम्राज्यको क्रोधको पनि सामना गर्नुपरेको थियो। "पृथ्वी र नरक वा शैतानका शक्तिहरूले येशू र उहाँका अनुयायीहरूका विरुद्धमा खडा भएका थिए। यदि येशूको सुसमाचारले जिते भने मूर्तिपूजकहरूले तिनीहरूका मठमन्दिरहरू धराशायी हुने भनेर देखेका थिए। त्यसकारण, तिनीहरूले इसाई धर्मलाई विनाश गर्न तिनीहरूका सबै शक्तिहरू प्रयोग गरेका थिए। सतावटको अग्नी ज्वाला दन्केको थियो।"—एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ३९।

जब हामी प्रकाश १३मा गरेको चित्रणमा पर्छौं तब परमेश्‍वरका जनहरूले के सामना गर्न अपेक्षा गर्नुपर्नेछ भनेर प्रेरितको पुस्तकमा लेखिएको एउटा कथाले प्रभावकारी ढङ्गमा प्रस्तुत गर्दछ।

पढ्नुहोस्: **प्रेरित १२:१-१७ पढ्नुहोस्। अन्तिम दिनहरूमा के हुनेछ भनेर त्यस कथामा लेखिएको तत्त्वहरूले के बताउँछ?**

---

---

इसाईहरूका अगुवा याकूबलाई राजा हेरोदले हत्या गरेका थिए; अब पत्रुसको पालो थियो। इसाईहरूलाई मृत्यु दण्डको घोषणा गरिएको थियो। पत्रुसले आफूलाई भोलि हत्या गर्ने थाहा पाए तापनि उनी त निसङ्कोच मानेर मस्त निन्द्रामा झ्यालखानामा सिक्रिले बाँधिएर *सुतिरहेका* थिए। यो अत्यन्तै उल्लेखनीय कथा हो। उनलाई उठाउन स्वर्गदूतले घचघचाउनुपरेको थियो। परमेश्‍वरमा भरोसा राख्नु भनेको के हो भनेर देखाउने यो ज्वलन्त उदाहरण हो। मर्नैपरे तापनि पत्रुस हतास, निराश र उदास भएनन्।

पत्रुसलाई अचम्म तरिकाले उद्धार गरिएको थियो। उनी फुक्का भएर प्रार्थना गर्ने विश्वासीहरूका घरमा गए। तिनीहरूले परमेश्वरमाथि विश्वास त गरे तर पत्रुसलाई उद्धार गरियो भन्नेमा विश्वस्त हुनै सकेन। तिनीहरू *चकित भए* वा अचम्म माने भनेर बाइबलले तिनीहरूका प्रतिक्रिया उल्लेख गर्दछ। कतिपय समयमा हामी प्रार्थना त गर्छौं तर परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ भन्नेमा विश्वास गर्न हामीमध्ये कसले आँट गर्न सक्छ?

कतिपय विश्वासीहरू बचे भने कतिलाई मारेको थियो। जब हामी युगको अन्तमा हुन्छौं, हामीलाई पनि त्यही हुनेछ। केही समय पत्रुसलाई उद्धार गरिए तापनि उनी विश्वासमा नै मारिनुपरेको थियो। यस मामिलामा येशू आफैले भविष्यवाणी गर्नुभएको थियो, "'साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।' कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, 'मेरो पछि लाग'" *(यूहन्ना २१:१८-१९)*।

**पत्रुस कसरी मर्नेछ भनेर येशूले बताउनुभएपछि पनि "मेरो पछि लाग" भनेर उहाँको निर्देशन अचम्मै मान्नुपर्छ। मृत्युको धम्कि आए तापनि हामीले येशूको पछि लाग्न छोड्नुहुन्न भन्ने यस विवरणले हामीलाई कसरी बताउँछ?**

# पशुको छाप

युगौँ-युग बितिसकेको छ। केही अन्तिम घटनाहरू पूरा हुन बाँकी नै छन्। शबाथ पालना गर्नेहरूलाई दिने मृत्युदण्डको आदेश र पशुको छाप अहिले लागु भएको छैन। यसैकारण, कतिपय विश्वास नगर्ने मानिसहरूले भविष्यवाणी र हुने अन्तिम दिनका घटनाहरूका हाम्रा व्याख्यामा शङ्का व्यक्त गरिरहेका पाउँछौं। युगको अन्तिम द्वन्द्वमा शबाथ र आइतबार विषय नै केन्द्रबिन्दु हुनेछ भनेर हाम्रो व्याख्या तर्कसम्मत नभएको कतिपयले प्रकट गरेका छन् र गरि नै रहनेछन्।

प्रकाशको पुस्तकले स्पष्ट रूपमा व्याख्या गर्दछ: हामीले कि त सृष्टिकर्तालाई कि त पशु वा उसको प्रतिकलाई आराधना गर्छौं। सातौँ दिन शबाथ सृष्टिकर्ता परमेश्वरलाई औँल्याउने आधारभूत शिक्षा हो र यसले अदनको बगैँचामा हामीलाई लाने भएकोले *(उत्पत्ति २:१-३)* सृष्टिकर्ताको आराधना गर्ने विषय सबै शिक्षाको केन्द्रबिन्दु भएकोमा कोही अचम्म मान्नु आवश्यक छैन। पशु भन्ने शक्ति त्यही हो जसले बाइबलले पवित्र पारिएको शबाथ आज्ञालाई आइताबरमा सारिएको भन्ने दाबी गर्दछ जसमा संयोग मान्नुपर्दैन। यही धारणालाई मध्यनजरमा राख्दा, शबाथ र आइतबारको विषयमा आराधना कसलाई गर्ने, सृष्टिकर्ता (प्रकाश १४:६,७) कि पशुलाई भन्ने विषय बुझिन्छ। मानिसका कानुनलाई मान्ने कि शबाथलाई मान्ने भन्ने विषयवस्तुमा नयाँ करारले पनि देखाएको चुनौतीलाई हामीले पन्छाउन सक्दैनौं।

पढ्नुहोस्: **मत्ती १२:९-१४ र यूहन्ना ५:१-१६ पदहरू पढ्नुहोस्: के विषयवस्तुमा असहमत भएकोले धर्मगुरु वा अगुवाहरूले येशूको हत्या गर्न चाहेका थिए?**

येशूले शबाथमा पक्षाघात भएको रोगीलाई निको पार्नुभएपछि धार्मिक अगुवाहरूले के निर्णय गरे भनेर मत्ती १२मा उल्लेख गरिएको छ? ती फरिसीहरूले उहाँको हत्या कसरी गर्ने भनेर षड्यन्त्र गरेका थिए *(मत्ती १२:१४)*। *सातौँ दिन शबाथको निम्ति येशूमाथि मृत्युदण्डको घण्टी बज्न गएको थियो?* यूहन्ना ५:१-१६मा सातौँ दिनमा गर्नुभएको आश्चर्य कामको निम्ति उहाँलाई सताउन ती धार्मिक पण्डितहरूले प्रयास गरेका थिए भनेर उल्लेख गरिएको छ।

मानव संस्कार, संस्कृति र परम्पराले प्राथमिकता पाएकोले मृत्युदण्डको बिगबिगी चलेको थियो। आइतबार चर्च जानुको सट्टा शनिबार चर्च जाने चलन मानव संस्कारको निम्ति आपत्तीजनक छ तर बाइबलसँग मिलेको छ। येशूले सामना गर्नुभएको विशेष विषय अन्तिम घटनामा नभए तापनि बाइबलको शबाथलाई मान्ने कि कठित इसाईहरूले स्थापना गरेको आइतबारलाई मान्ने भन्नेमा केन्द्रबिन्दु हुनेछ।

**परमेश्वरका आज्ञा वा दश आज्ञाहरूका निम्ति मर्नुपर्ने रे? यसबाट निकासा खोज्न मानिसहरूले कसरी तर्क लगाउन सक्छन्?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित द *ग्रेट कन्त्रोभर्सीको* पृ. ६३५-६५२को "गड्स पिपुल डेलिभर्ड" भन्ने अध्याय पढ्नुहोस्।

"सारा युगभरि परमेश्वरले उहाँका पवित्र स्वर्गदूतहरूद्वारा उहाँका जनहरूलाई सहायता गर्नुभएको र उद्धार गर्नुभएको थियो। मानव प्राणीका क्रियाकलापमा स्वर्गका जीवहरूले सक्रिय भाग खेलेका थिए। तिनीहरू बिजुली चम्केको वस्त्रजस्तै चहकिलो वस्त्रमा र अपरिचित बटुवाहरूजस्तै भएर देखा परेका थिए। परमेश्वरका जनहरूका बिचमा स्वर्गदूतहरू मानिसका रूप धारण गरेर देखा परेका थिए। थकित भएको जस्तै दिउँसो रूखको मुनि तिनीहरूले विश्राम लिएका थिए। बेदीमा तिनीहरूले आगो बालेका थिए। तिनीहरूले झ्यालखानाका ढोकाहरू खोलेका थिए र प्रभुका सेवकहरूलाई फुत्काएका थिए। स्वर्गको वैभवलाई नै ओढेर तिनीहरूले मुक्तिदाताको चिहानको ढोकालाई गुडाएका थिए।

"धर्मीहरूका जमघटमा स्वर्गदूतहरू कतिपय समयहरूमा मानवको रूप धारण गरेर आएका हुन्छन्। यदि तिनीहरू दुष्टहरूका जमघटमा गए भने तिनीहरूका लेखा राख्न गएका हुन्छन्, जसरी तिनीहरू सदोममा गएका थिए। ती दुष्टहरूका कामले परमेश्वरका सहिष्णुता र मिजासका सिमा नाघेको छ कि छैन भने स्वर्गदूतहरूले निर्णय गरेका हुन्छन्। प्रभु दयामा प्रशन्न हुनुहुन्छ। विश्वास गर्ने र उहाँलाई सेवा गर्ने केहीका निम्ति मात्र भए तापनि दुष्टहरूका अतिवादी दुष्टताले ल्याउने विपदलाई उहाँले रोकिराख्नुभएको हुन्छ र केही समयको निम्ति भए पनि शान्ति छाएको हुन्छ। आफ्ना जीवनहरू परमेश्वरका थोरै विश्वासी जनहरूका कारणले बाँचिरहेका छन् भन्ने धारणा पापीहरूले थोरै मात्र महसुस गरेका हुन्छन् र तिनीहरूका जीवनको श्रेय तिनीहरूलाई दिनुपर्छ भनेर प्रायः जसो मानिसहरूले दिँदैनन्। तर तिनीहरूलाई दबाउन, सताउन र तिनीहरूको गिल्ला गर्न तिनीहरू रमाइरहेका हुन्छन्।"—एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. ६३१, ६३२।

## छलफलको लागि प्रश्नहरू:

१. १ तिमोथी १:७ पढ्नुहोस्। भविष्यवाणीको बारेमा कुन कुरामा बढी चिन्तित हुनुभएको छ, त्यसमा चिन्तन गर्नुहोस्। हाम्रा विश्वासको कारणले हामीलाई सताउने भन्ने भविष्यवाणीहरूको बाबजुद पनि परमेश्वरका आशाले हामीलाई नडगमगाउन कसरी मद्दत गर्न सक्छ?

२. वर्तमान परिवेशमा शबाथ र आइतबारको विषयलाई द्वन्द्वको विषय कसरी हुन सक्छ भनेर हामीले नबुझेला। तर विश्वको द्रुत परिवर्तनलाई हेर्नुहोस्। वर्तमान घटनाहरूमा आधारित हाम्रो आस्था किन हुनुहुँदैन भनेर त्यस सत्यले हामीलाई सिकाउँदछ? संसारको इतिहास कुनै क्षणमा परिवर्तन हुन सक्छ तर परमेश्वरको वचनले प्रकट गरेकै अनुसार मात्र हुनेछ भनेर हामी किन ढुक्क हुनुपर्छ?

३. दानिएल २ र ७को बारेमा सोच्नुहोस्। सारा विश्व साम्राज्य भविष्यवाणी गरेकै अनुसार ठ्याक्क पूरा भएको थियो र पूरा भइरहेको छ। हाम्रो दृष्टिकोणमा अब केवल एउटा प्रमुख घटना हुनु मात्र बाँकी छ। अरू सबै पूरा भएको परिवेशमा त्यो पनि पूरा हुनेछ भनेर हामी कसरी आशावान् हुने?

## उपसंहार: दैनिक सङ्घर्ष

*लेखक:* आन्ड्र्यु मेकचेस्नी

होलब्रुक स्कुलको होस्टेलमा रहेको १७ वर्षको आन्डर्सले केही न केही आवाजहरू गुञ्जिरहेको गुनासो गऱ्यो। स्कुलको परामर्शदाता लोरेन फिशले उसलाई भेट्यो र उसमा मानसिक पीडाले सताएको होइन भनेर निर्णय गरेका थिए। स्कुलका सबै कर्मचारीहरू उसको निम्ति प्रार्थना गर्न थाले।

अनि दुष्ट आत्माले सताएको मानिसजस्तै आन्डर्सले चलहल गर्न थाल्यो। जब स्कुलको बिदामा ऊ आफ्नो घरमा गएको थियो, उसले एउटा परम्पराको संस्कारमा भाग लिएको थियो। स्कुलमा फर्केपछि बेला-बेलामा शक्तिशाली मानिसले जस्तै व्यवहार गर्न थाल्यो। ऊ त्यस्तो बलियो केटा थिएन। होलब्रुकका कर्मचारीहरूले उसलाई नियन्त्रण गर्न धेरै गाह्रो भएको थियो। अर्को समयमा उसका आँखाहरू बटारिन थाले। आक्रमणपछि ऊ घण्टौँसम्म सुत्थ्यो। जब ऊ ब्युँझिन्थ्यो तब ऊ सामान्य हुन्थ्यो। तर ऊ डराएको जस्तै देखिन्थ्यो। एक दिन होस्टेलको डीनलाई उसले सोध्यो "फौजको अर्थ के हो?" उसले आफ्नो दिमागमा फौज भन्ने शब्द सुनेको थियो। डीनले येशूको कथामा कसरी दुष्ट आत्माले सताएको मानिसलाई येशूले उसको नाउँ सोध्नुहुँदा, "मेरो नाउँ फौज हो," भनेको याद गरे *(मर्कूस ५:९)*। आन्डर्सलाई रेखदेख गर्ने रजिस्ट्रारले स्कुलका कर्मचारीहरू उसमाथि प्रार्थना गर्न सकिन्छ कि भनेर सोधे। केटोले हुन्छ भन्यो।

स्कुलको सभा कक्षमा स्कुलका कर्मचारीहरू भेला भए र आन्डर्सको निम्ति प्रार्थना गर्न थाले। अचानक त्यो केटो चिच्याएर भुइँमा लम्पसार पऱ्यो। के गर्ने भनेर कसैलाई थाहा थिएन। कतिले ठूलो स्वरले प्रार्थना गरे भने कतिले भजन गाउन थाले। आन्डर्सलाई पनि "येशू, मलाई सहयोग गर्नुहोस्" भनी प्रार्थना गर्न प्रोत्साहित गरे। आन्डर्सले उसको ओठबाट त्यो उच्चारण गर्न सकेन। सबैको मन भताभुङ्ग भएको

थियो। आन्डर्सले कर्मचारीहरूलाई हेरेर खित्का छोड्न थाले। यो अनौठो खालको खित्का थियो।

स्कुलकी विकास निर्देशक डायनालाई के गरूँ के गरूँ भयो। *हामीले के गर्नुपर्ने सो थाहा छैन भनेर शैतानलाई थाहा* छ भनेर उनले सोचिन्। आफ्नो गुगलमा दुष्ट आत्माले सताएकोलाई के गर्ने भनेर खोजिन्। त्यहाँ उनले आन्ड्रुज विश्वविद्यालयको मार्क कोलमानको लेख पढिन्। त्यस लेखमा दुष्ट आत्माको शक्तिसँग कसरी मुकाबिला गर्ने भनेर एलेन जी. ह्वाइटको लेख थियो। अनि डायनालाई सबैसँग अनुरोध गरिन्, “हामी सबै एक भएर येशूको नाउँमा दुष्ट आत्मा छोड्न आदेश दिऔं।”

तुरुन्तै, एक जना कर्मचारीले येशूको नाउँमा दुष्ट आत्मा निस्कन आदेश दिए। उकुसमुकुस भएर आन्डर्सले चित्कार गऱ्यो, “हे येशू मलाई सहायता गर्नुहोस्!” सबै कर्मचारीहरूले एकै साथ “परमेश्वरलाई प्रशंसा होस्” भने। त्यस केटाबाट चर्को खुइय्य आवाज निस्क्यो। स्कुलको आर्थिक व्यवस्थापकले उनमाथि चर्को हुरी चलेको महसुस गरिन् र त्यो कोठाबाट निस्केको अनुभव गरिन्। त्यहाँ शान्त छायो। अपराह्णभरि त्यो केटो सुत्यो। आन्डर्सलाई सञ्चो भएको थियो। त्यो घर फर्क्यो र त्यही चर्तीकला फेरि दोहोरियो। आखिरमा त्यो केटो स्कुल नै छोड्यो।

“उसको लागि हामी प्रार्थना गर्दैछौं। हामीलाई थाहा छ कि यो आत्मिक सङ्घर्ष हो। यो समाप्त भएको छैन। परमेश्वर र शैतानको बिचमा भइरहेको महान् युद्ध विद्यार्थीको बिचमा भइरहेको हामी दिन-दिनै अनुभव गर्छौं,” यस संवाददातालाई डायनाले सुनाइन्।